“स्वच्छ, शान्त, समृद्ध : पर्यटकीय नगर बूढानीलकण्ठ”

न.पा लोगो

# बूढानीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष
# २०७७/०७८ को
# बजेट वक्तव्य

बूढानीलकण्ठ नगरपालिका
काठमाण्डौ
वागमती प्रदेश
नेपाल
२०७७

प्रस्तुतकर्ताः रमादेवी राई
उपप्रमुख
बूढानीलकण्ठ नगरपालिका

## आ.व २०७७।०७८ को छैठौं नगरसभामा प्रस्तुत "बिनियोजन विधेयक, २०७७"

नगरसभाका अध्यक्षज्यू,
नगरसभा सदस्यज्यूहरु,

बूढानीलकण्ठ नगरपालिकाको छैठौं नगरसभाको गरिमामय सभा समक्ष आ.व २०७७।०७८ को लागि बार्षिक आय ब्यय बिवरण सहित खर्चका विविध पक्षहरुमा नगर कार्यपालिकाबाट तयार गरिएको बिनियोजन बिधेयक २०७७।०७८ प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

बूढानीलकण्ठ नगरपालिकाले यस अघि ३ वटा बिनियोजन विधेयक पारित गरी कार्यान्वयन गरिसकेको छ । २०७१ मंसिर १६ गते स्थापना भएको नगरपालिकाको निर्वाचन अघिको सर्वदलिय समितिले तयार गरेको कार्यक्रम लागु गरी केही संगठनात्मक तथा संरचनात्मक कार्य अघि बढाईएको थियो । २०७४ को निर्वाचन पश्चात असार १० गते पहिलो नीति, कार्यक्रम तथा बजेट प्रस्तुत भई आज छैठौं नगरसभामा उपस्थित भएका छौं । यस अवसरमा सम्पुर्ण नगरवासीहरुको समृद्धि र खुसीको लागि साधनश्रोतले भ्याए सम्म अधिकतम सदुपयोग गर्दै अघि बढ्ने सम्पुर्ण जनप्रतिनिधीहरुको तर्फबाट ईमान्दारीपूर्वक सामुहिक प्रतिवद्धता ब्यक्त गर्न चाहन्छु ।

चालु आ.व २०७६।०७७ को पारित बजेट कार्यक्रमबाट थुप्रै योजनाहरु कार्यान्वयन गरी नगर बिकासको गति अघि बढ्ने आशा गरेको भएतापनि फाल्गुणको अन्त देखि बिश्वब्यापी महामारी कोभिड-१९ को कारण भएको लकडाउनको प्रभावबाट लक्ष्य अनुसार काम हुन सकेन । लकडाउन केही खुकुलो भए पछि असार महिनामा थुप्रै योजनाहरु कार्यान्वयनको चरणमा रहेका छन । केही महत्वपुर्ण योजनाहरु टेण्डर प्रक्रिया भएका र आवश्यक केही योजनाहरु आगामी आ.व मा पनि समावेश गरिने छ ।

अब म आगामी आ.व २०७७।०७८ को अनुमानित आय र ब्ययको बिवरण प्रस्तुत गर्न चाहन्छु ।

| आय | | |
|---|---|---|
| सि.नं. | बिवरण | रकम |
| क. | नगरपालिकाले खर्च गर्न सक्ने | |
| १ | आन्तरिक श्रोत | २६,२०,००,०००.०० |
| २ | बाह्य अनुदान | २७,२१,७१,०००.०० |
| ३ | राजश्व बाँडफाँड | ७१,१९,६५,६९०.०० |
| ४ | अन्य आय | १५,४६,९८,८१०.२९ |
| | **जम्मा** | **१,४०,०८,३५,५००.२९** |
| ख. | **शशर्त अनुदान** | |
| १ | केन्द्र सरकार शशर्त अनुदान | ३०,१०,००,०००.०० |
| २ | प्रदेश सरकार शशर्त अनुदान | ३,९८,२०,०००.०० |
| ३ | गत् वर्षको अल्या | ९३,३४,७६,४९९.७१ |
| | जम्मा | **१,२७,४२,९६,४९९.७१** |
| | **कुल जम्मा** | **२,६७,५१,३२,०००.००** |

| व्यय | | |
|---|---|---|
| सि.नं. | बिवरण | रकम |
| | | |
| १ | चालु खर्च | २६,५०,००,०००.०० |
| २ | वडा खर्च | २७,९५,००,०००.०० |
| ३ | नगरको बिशेष खर्च | ३०,००,००,०००.०० |
| ४ | पूर्वाधार बिकास कार्यक्रम | २१,६५,००,०००.०० |
| ५ | सार्वजनिक जग्गा संरक्षण तथा पार्क निर्माण कार्यक्रम | १७,०५,००,०००.०० |
| ६ | खानेपानी संरक्षण तथा ब्यवस्थापन | ३,००,००,०००.०० |
| ७ | बिभिन्न सडक मर्मतसम्भार योजना | ३,५०,००,०००.०० |
| ८ | अन्य विभिन्न निर्माण कार्यक्रम | २९,४०,००,०००.०० |
| ९ | सामाजिक विकास कार्यक्रम | ६,००,००,०००.०० |
| १० | शिक्षा विकास कार्यक्रम | ७,३५,००,०००.०० |
| ११ | मानवीय बिकास कार्यक्रम | ३,०५,००,०००.०० |
| ३ | आर्थिक बिकास कार्यक्रम | १,७५,००,०००.०० |
| १३ | पर्यटन पूर्वाधार बिकास कार्यक्रम | ५,९५,००,०००.०० |
| | उद्यमशील रोजगार प्रवर्द्धन कार्यक्रम | २,७५,००,०००.०० |
| | वन, वातावरण तथा फोहोरमैला ब्यवस्थापन कार्यक्रम | २,३०,००,०००.०० |

| | | |
|---|---|---|
| | विपद व्यवस्थापन कार्यक्रम | ५,९०,००,०००.०० |
| | कार्यालय संगठन, संरचना, सुशासन तथा कर्मचारी व्यवस्थापन | ३,२०,००,०००.०० |
| | गत् वर्षको सम्झौता भएका योजनाहरुको भुक्तानी | ३२,८०,००,०००.०० |
| | नेपाल सरकार सशर्त अनुदान खर्च | ३०,१०,००,०००.०० |
| | प्रदेश सरकार सशर्त अनुदान खर्च | ३,९८,२०,०००.०० |
| | प्रदेश सरकार समपुरक तथा बिशेष अनुदान खर्च | ३,३३,१२,०००.०० |
| | **जम्मा** | **२,६७,५१,३२,०००.००** |

अध्यक्ष महोदय,

आगामी आ.व मा आन्तरिक श्रोतबाट रु. २६,२०,००,०००।- (छब्बिस करोड बीस लाख), बाह्य श्रोत संघ प्रदेश बाट निशर्त र सशर्त अनुदानबाट रु. ६१,२९,९१,०००।- ( छयालिस करोड छयँसठ्ठी लाख उनाननब्बे हजार आठ सय दश रुपैयाँ उनानतीस पैसा) र मालपोत लगायत राजश्व बाँडफाँडबाट रु. ७१,१९,६५,६९०.०० (एकहत्तर करोड उन्ननाईस लाख पयँसठ्ठी हजार छ सय नब्बे मात्र), अन्य आय वाट रु. १५,४६,९८,८१०.२९ (पन्ध्र करोड छयालिस लाख अन्ठानब्बे हजार आठ सय दश रुपैयाँ उनानतिस पैसा) र गत् वर्षको अल्या रु.९३,३४,७६,४९९.७१ (त्रियानब्बे करोड, चौँतिस लाख छयहत्तर हजार चार सय उनानसय रुपैयाँ एकहत्रर पैसा) गरी जम्मा रु. **२,६७,५१,३२,०००.००** (दुई अर्ब सत्सठ्ठी करोड एकावन्न लाख बत्तिस हजार मात्र) आय अनुमान गरिएको छ ।

त्यसैगरी आगामी आ.व को ब्यय अनुमान तर्फ चालु खर्चमा २६,५०,००,००० (छब्बिस करोड पचास लाख मात्र) बिनियोजन गरिएको छ ।

प्रत्येक वडाबाट छनौट हुने वडास्तरका योजनाहरुको लागि प्रति वडा रु. २ करोड १५ हजारको दरले रु. २७ करोड ९५ लाख बिनियोजन गरिएको छ ।

संघ, प्रदेश र बिभिन्न संघसंस्थाहरु सँग सहकार्यमा गरिने समपुरक योजनामा ७ करोड बिनियोजन गरिएको छ । उपभोक्ताहरु सँग सहलगानीमा गरिने योजनाको लागि ७ करोड बिनियोजन गरिएको छ । चालु आ.व को थोरै समयमा करिब ३ करोड रकम जनताबाट लगानी गरिएको थियो । त्यसैगरी नगरको बिशेष खर्च ३० करोड, पूर्वाधार बिकास क्षेत्र तर्फ २१ करोड ६५ लाख, सार्वजनिक जग्गा संरक्षण, खानेपानी र अन्य विभिन्न निर्माण गरी ७ करोड ९९ लाख ५ हजार, सामाजिक बिकास क्षेत्रमा ६ करोड, शिक्षा तर्फ ७ करोड ३५ लाख, मानवीय बिकास ३ करोड ५ लाख, पर्यटन पूर्वाधारमा ५ करोड ९५ लाख, उद्यमशील रोजगार प्रवर्द्धन कार्यक्रममा २ करोड ७५ लाख, बन, बातावरण, फोहोरमैला ब्यवस्थापनमा

२ करोड ३० लाख, बिपद ब्यवस्थापनमा ५ करोड ९० लाख, कार्यालय संगठन संरचना, सुशासन तथा कर्मचारी ब्यवस्थापनमा ३ करोड २० लाख, केन्द्रिय सरकार सशशर्त खर्च ३० करोड १० लाख, प्रदेश सरकार शशर्त खर्च  ३ करोड ९८ लाख २० हजार, प्रदेश सरकार समपुरक तथा अनुदान खर्च ३ करोड ३३ लाख १२ हजार, गत् वर्ष सम्झौता भएका योजनाहरुको भुक्तानी ३२ करोड ८० लाख गरी जम्मा **२,६७,५१,३२,०००.००** (दुई अर्ब सत्सठ्ठी करोड एकावन्न लाख बत्तिस हजार मात्र) रकम अनुमानित ब्यय पेश गरेको छु ।

अन्त्यमा, नगरपालिकाको छैठौं नगरसभाका नीति कार्यक्रम सार्वजनिक भैसकेको र सो नीति कार्यक्रमलाई मार्ग निर्देशन मानी प्राप्त सिमित साधनश्रोत बजेटबाट सरकारी गैरसरकारी क्षेत्र सँगको सहकार्यमा कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गर्दछौं । उपलब्ध जनशक्ति, नीति, नियम, प्रक्रिया, सामाजिक अप्ठ्यारा, विवाद, बिद्यमान कोभिड १९ को समस्या सँग जुध्दै प्रस्तावित योजना कार्यान्वयन गर्न सबै जनप्रतिनिधीहरु, कर्मचारीहरु, राजनैतिक दलहरु साथै आम नागरिकहरु सँग हार्दिक अपिल गर्दछौं ।

आज नगरसभामा प्रस्तुत आय ब्यय अनुसार मुख्य बिकास क्षेत्रको शिर्षकहरुमा बजेट प्रस्ताव गरिएको छ । नगरसभाका सदस्यज्यूहरुको छलफलबाट शिर्षक अन्तर्गत बिस्तृत बाँडफाँड पछि पारित गरी बजेट किताव प्रकाशित गरिने छ । सदस्य ज्यूहरुबाट महत्वपुर्ण छलफल र सुझावको अपेक्षा गरिएको छ ।

धन्यवाद